# विनियोजन ऐन, २०८२

## आ.व. २०८२/०८३

स्विकृत मिति : –२०८२।०३।१०

# नेचासल्यान गाउँपालिका

## गाउँकार्यपालिका कार्यालय

नेचाबेतधारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

# नेचासल्यान गाउँपालिका

गाउँकार्यपालिका कार्यालय

कोशी प्रदेश, सोलुखुम्बु ।

## नेचासल्यान गाउँपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८२

**प्रस्तावना :** नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नेचासल्यान गाउँसभाले यो ऐन वनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस विधेयकको नाम **"नेचासल्यान गाउँपालिकाको विनियोजन ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन गाउसभाले स्विकृत गरेपश्चात २०८२ श्रावण १ गते देखि लागु हुनेछ ।

(२) **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, ससर्त अनुदान, विषयगत अनुदान आन्तरिक आम्दानी र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५१,६६,२०,८८३।० (अक्षरुरेपी एकाउन्न करोड छैसठी लाख बिस हजार आठसय त्रियासी मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त नेचासल्यान गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकवाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुबाट अर्को एक वा

एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मागमा आधारीत तथा पालिका स्तरीय पूर्वाधार विकासका विशेष कार्यक्रमको लागि एकमुष्ट बिनियोजन गरिएको रकमलाई गाउ कार्यपालिकाको निर्णय र तोकिएबमोजिम कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

४) अनुसूची २ मा रहेको व्यय अनुमानका आधारमा गाउँपालिकाले चालु र पुँजीगत शिर्षकबाट हुने खर्चहरु र जगेडा कोषमा रहेको खर्च शिर्षक अन्तर्गत खर्च गर्नेछ । तर ससर्त अनुदानको चालु तथा पूँजिगत खर्चको हकमा विषयगत शाखा चालु तथा पुँजीगत खर्च शिर्षक अनुसार नै खर्च गरिने छ ।

५) बजेटमा व्यवस्था भए अनुसारको संघ, संस्थाहरुले बजेटमा स्वीकृत कार्यक्रमको हकमा खर्च गर्दा अनुसूची ३ बमोजिम गर्नेछ । साथै बजेटमा व्यवस्था नभएका अन्य सरकारी, गैरसरकारी संघ, संस्थाहरुले कुनै कार्यक्रम गर्दा गाउँ कार्यपालिकाबाट अनुमती लिएर मात्र कार्यक्रम तथा खर्च गर्न सक्नेछन् ।

६. यस ऐन पारित हुनु भन्दा अगाडि यस गाउँपालिकाबाट भएका सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसुची -१

## (दफा २(१) संग सम्बन्धित)

### आर्थिक वर्ष २०८२/०८३ को अनुमानीत आय विवरण

| क्र.सं. | श्रोत | विनियोजित वजेट | | | शशर्त | निशर्त | चालु | पुजिगत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१बजेट | ०८१/८२बजेट | ०८२/८३बजेट | | | | |
| १ | संघिय सरकार | | | | | | | |
| १.१ | ससंत अनुदान | २३०,५००,०००।० | २३६,८२९,०००।० | २३९,१००,०००।० | २३९,१००,०००।० | | २३१,१००,०००।० | ८,०००,०००।० |
| १.२ | वित्तिय समानिकरण अनुदान | ११२,९००,०००।० | ११४,१००,०००।० | १०९,७००,०००।० | | १०९,७००,०००।० | ३२,९१०,०००।० | ७६,७९०,०००।० |
| १.३ | राजश्व बाँडफाँड | ५९,८३८,०००।० | ६३,५००,०००।० | ६५,१६९,७४१।० | | ६५,१६९,७४१।० | ६५,१६९,७४१।० | ( |
| १.४ | संघिय समपुरक अनुदान | ८,०००,०००।० | १५,०००,०००।० | १२,२००,०००।० | १२,२००,०००।० | | ( | १२,२००,०००।० |
| १.५ | संघिय विशेष अनुदान | ११,०००,०००।० | १०,०००,०००।० | ३९,०००,०००।० | ३९,०००,०००।० | | ३९,०००,०००।० | ( |
| २. | प्रदेश सरकार | | | | | | | |
| २.१ | ससंत अनुदान | ३,२३५,०००।० | ४,१३०,०००।० | ३,८२६,०००।० | ३,८२६,०००।० | | १,६२६,०००।० | २,२००,०००।० |
| २.२ | प्रदेश सरकार वित्तिय समानिकरण | ७,११२,०००।० | ७,१३०,०००।० | १०,७५४,०००।० | | १०,७५४,०००।० | ३,२२६,२००।० | ७,५२७,८००।० |
| २.३ | प्रदेश राजश्व बाँडफाँड | २,०६६,०००।० | २,०५१,०००।० | ४,३२९,०००।० | | ४,३२९,०००।० | ४,३२९,०००।० | ( |
| २.४ | समपुरक अनुदान | ६,०००,०००।० | १०,०००,०००।० | १२,०००,०००।० | १२,०००,०००।० | | ( | १२,०००,०००।० |
| ३ | मालपोत रजिष्ट्रेसन वापत | १,२२५,०००।० | १,०००,०००।० | २५०,०००।० | | २५०,०००।० | ५०,०००।० | २००,०००।० |
| ४ | आन्तरिक श्रोत | १०,३२९,०००।० | ६,३८०,०००।० | ६,३५०,०००।० | | ६,३५०,०००।० | १,२७०,०००।० | ५,०८०,०००।० |
| ५ | अन्य संस्थागत अनुदान | | | ५,९४२,१४२।० | ५,९४२,१४२।० | | | ५,९४२,१४२।० |
| ६ | चालु आ.व. बाट संचितकोषमा जाने | ९,०९३,०००।० | ९,६००,०००।० | ८,०००,०००।० | | ८,०००,०००।० | १,६००,०००।० | ६,४००,०००।० |
| | जम्मा रकम | ४९१,८९८,०००।० | ४८०,२००,०००।० | ५१६,६२०,८८३।० | ३१२,०६८,१४२।० | २०४,५५२,७४१।० | ३८०,२८०,९४१।० | १३६,३३९,९४२।० |

अनुसुची - २

## (दफा ३(४) संग सम्बन्धित)

**२. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८२/०८३ मा चालु, पुंजीगत र सशर्त अनुदानबाट हुने आय विवरण :**

| नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८२/०८३ को अनुमानित व्यय विवरण | | कैफियत |
|---|---|---|
| **कार्यक्रम** | **विनियोजित रकम** | |
| चालु तर्फ खर्च | ३८,०२,८०,९४१।० | |
| पुजीगत तर्फ | १३,६३,३९,९४२।० | |
| **जम्मा** | **५१,६६,२०,८८३।०** | |

अनुसुची - ३

## (दफा ३ (५) संग सम्बन्धित)

३. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८२/०८३ को संघ संस्थाहरुको बजेटबाट हुने व्यय विवरण :

| नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८२/०८३ को व्यय विवरण | | कैफियत |
|---|---|---|
| **कार्यक्रम** | **विनियोजित रकम** | |
| FIDR | ७८,१९,०६२।० | |
| Moon Srar Youth Club, Nechasalyan | १४,५०,०००।० | |
| जम्मा | ९२,६९,०६२.० | |